भागेश्वर गाउँपालिका
# गाउं कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल
फोन नं. ०९६-६९०९४०

प.सं.:- २०७५/०७६
च.नं.

मिति २०७५/११/१३

**विषय :- प्रेष विज्ञप्ती ।**

रामवावु शाही is with भागेश्वर गाउंपालिका, फेसवुक आईडीमा प्रेषित मिति २०७५/११/१३ को Status प्रति यस भागेश्वर गाउंकार्यपालिका कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ । सो विषयका सम्वन्धमा सत्य तथ्य व्यहोरा निम्न छ ।

मिति २०७५ माघ १३ गतेका दिन वसेको गाउं कार्यपालिकाको वैठकमा विभिन्न ५ वटा प्रस्तावहरुमा छलफल चलिरहदा प्रस्ताव नं. ५ विविध विषयमा छलफल हुंदा विभिन्न संघ/संस्था तथा व्यक्तिहरुलाई आर्थिक सहायता, दलित तथा महिला तर्फ विनियोजन भएको रकमको कार्यक्रम सञ्चालन, पाईप खरिद, जेष्ठ नागरिकलाई न्यानो लुगाको रकम भूक्तानी गर्ने सम्वन्धमा छलफल भएकोमा वैठकका अध्यक्ष भागेश्वर गाउंपालिकाका उपाध्यक्ष श्री पदम वहादुर वोहरा ज्यूले कानुनी राय माग गर्दा गाउंसभाबाट विनियोजन भएका योजना तथा कार्यक्रम सशोधन गर्नु पर्ने भएमा गाउं सभाबाट नै सशोधन हुने, खरिद भएका सामानहरुको भुक्तानी गर्दा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ को प्रकृया अनूसार हुन पर्ने भनि ( गा.पा.उपाध्यक्ष ज्यू लाई) राय दिदा हिउदेकालीन गाउं सभा तत्काल वस्ने भएकोले गाउं सभाबाट निर्णय गराउनु पर्ला भनि ९ वटा निर्णय मात्र पारित भई मैले कार्यपालिका वैठकको सदस्य सचिवको हैसियतले उल्लेखित निर्णयहरु प्रमाणित गरि सार्वजनिक गरेको कुरा अवगत गराउछु साथै उक्त वैठकका निर्णयहरु च्यातिएको छैन । निज रामवावु शाही is with भागेश्वर गाउंपालिकाले छलफलमा उठेका विषयवस्तुहरुलाई Status मा राखि प्रमूख प्रशासकीय अधिकृत र उपाध्यक्षको वदनाम गर्ने अभिप्रायले राष्ट्र सेवक, कर्मचारी माथि लगाईएको मिथ्या आरोपको घोर भर्सना गर्दै प्रचलित ऐन,नियमको पालना गर्ने राष्ट्रसेवक कर्मचारी प्रति कपोलकल्पित आरोप लगाई सामाजिक सञ्जालमा अतिरंजित गरि संघीयतालाई असफल तूल्याउने यस्ता गैह्र जिम्मेवार अभिव्यक्ति प्रति खेद प्रकट गर्दै प्रचलित कानुन सम्मत कार्य गर्नमा आवश्यक सहयोगको अपेक्षा लागि सरोकारवाला सवैमा आग्रह गर्दछु ।

खगेन्द्र भारती
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ :
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिहदरवार, काठमाडौ ।
श्री जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा
श्री सूचना प्रविधि शाखा,भागेश्वर गा.पा. : web side मा अपलोड गर्न हुन

Scanned by CamScanner

**Ram Babu Shahi is with भागेश्वर गाउपालिका.**

3 hrs

भागेश्वर कार्यपालिका को मिति २०७५साल माघ १३ गते का दिन गाँउ पालिका उपाध्यक्ष श्री पदम वहादुर बोहराको अध्यक्षतामा मा वैठक वसेको थियो । जस बैठकले तपशिल बमोजिम का ११वटा निर्माण हरू सर्वसम्मत रूपमा पारित गरेको थियो । र हिजो गाँउपालिका को वेवसाईट वाट निर्णय सार्वजनिक गरेको छ । जसमा कार्यपालिका ले पारित गरेका निर्णयहरु प्रमुख प्रसाशकिय अधिकृत खगेन्द्र भारती र उपाध्यक्ष पदमबहादुर वोहरा ले बिचका २वटा (९ र१० नं)निर्णय च्यातेर ११नं निर्णय लाई ९ नं वनाई सार्वजनिक गरेको पाइयो । जसको भागेश्वर कार्यपालिका घोर भर्सना गर्दछ ।स्थानीय सरकार ले गरेको निर्णय काट्ने अधिकार स्थानीय संचालन ऐन २०७४ को कुन दफा मा दिएको रहेछ देखाउन परयो ? स्थानिय सरकार लाई असफल वनाइ संघियता लाई असफल वनाउन लागेको स्पस्ट देखियो । त्यसैले संघ सरकार ले यस्ता प्रवृत्तिका कर्मचारी लाई तुरून्त कारबाही गरोस् हैन भने स्थानीय सरकार र आम जनताले आफ्नो ढंगवाट कारवाही गर्ने कुरा अवगत गराउन चाहन्छौं ।





Scanned by CamScanner